# राजदेवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्या : ६० | मिति : २०७९/०४/१२

## भाग-२

## राजदेवी नगरपालिका

# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९

# राजदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### राजदेवी, रौतहट
### मधेश प्रदेश, नेपाल

# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९

**नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०४/११**

**प्रस्तावनाः** राजदेवी नगरपालिका, राजदेवी भित्र खासगरी गर्भवती तथा सुत्केरी महिलाहरुलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न, यस नगरपालिकामा स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो, व्यवस्थित र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी राजदेवी नगरपालिकाको नगर कार्यपालिकाले देहायको निर्देशिका जारी गरेको छ।

**परिच्छेद- १ (एक)**

**१. संक्षिप्त नाम र प्रारम्भ :** क) यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९" रहेको छ।

ख) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

क) **"एम्बुलेन्स"** भन्नाले बिरामी ओसार्ने स्वीकृती प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

घ) "नगरपालिका" भन्नाले राजदेवी नगरपालिका, रौतहटलाई सम्झनु पर्छ।

ङ) "समिति" भन्नाले यस निर्देशिकाको दफा ३ बमोजीम गठित एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन, अनुगमन समिति सम्झनु पर्छ।

च) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे वापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिको सिफारिसमा राजदेवी नगरपालिकाको आर्थिक ऐनले तोकेको शुल्क सम्झनु पर्छ।

छं) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ।

**३. एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा अनुगमन समिति**

१. नगरपालिकाले अनुदान/उपहार/सहयोग वापत प्राप्त गरेको वा नगरपालिका आफैले खरिद गरी सञ्चालन गर्दा एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न

देहायका पदाधिकारीहरु रहेको एक एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क. नगरपालिका प्रमुखः | संयोजक |
| ख. नगरपालिका उप प्रमुखः | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी | सदस्य |
| घ. नगरपालिकाको सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ङ. कार्यपालिकाका सदस्यहरु मध्ये महिला/दलित/अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी नगर प्रमुखले मनोनित गरेको दुई जना | सदस्य |
| च. राजश्व शाखा प्रमुख | सदस्य |
| छ. स्वास्थ्य शाखाको कर्मचारी | सदस्य |
| ज. नगरपालिका स्वास्थ्य संयोजक | सदस्य सचिव |

(यस समितिमा स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य शाखाको कर्मचारी मध्ये एक जना सि.अ.हे.व र एक जना जनस्वास्थ्य अधिकृत हुनुपर्नेछ ।)

२. उपदफा (१) बमोजिमको सञ्चालन तथा व्यवस्थापन समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता नगर कार्यपालिका वा नगरपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. यस नगरपालिका अन्तगर्त सम्बन्धित वडाहरुबाट सञ्चालन हुने एम्बुलेन्सहरु सम्बन्धित स्वास्थ्य संस्था व्यवस्थापन समिति वा सो समितिले गठन गरेको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति मार्फत परिचालन हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :**(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने । बारम्बार आचरण विपरितको कार्य गरेमा आवश्यकता अनुसार करार संझौता रद्द गर्ने ।

ग) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) जिल्ला स्तरमा एम्बुलेन्स सम्बन्धि दररेट निर्धारण गर्न आवश्यकता अनुसार परिमार्जन गर्न सिफारिस गर्ने ।

ङ) सरोकारवाला तथा अन्य संघ संस्थाहरुबीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

च) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) चालकले आर्थिक ऐनले तोके अनुसारको सेवा शुल्क लिई बैंकमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

२. समितिका सदस्य सचिवले सेवा प्रवाह स्थितीको अद्यावधिक विवरण प्रत्येक वर्षको जेष्ठ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**५. हस्तान्तरण गर्न सकिने**

१. नगरपालिकाले आफैले खरिद गरी वा नगरपालिकाको अनुदानबाट खरिद भएको एम्बुलेन्स दफा (३) बमोजिम नगरपालिका आफैले सञ्चालन नगरी कुनै संघ संस्थालाई हस्तान्तरण गर्न चाहेमा दफा (३) बमोजिम गठित समितिले सो सम्बन्धि निर्णय गरी नगर कार्यपालिकामा अनुमोदनका लागि पेश गर्नुपर्नेछ र सो बमोजीमको निर्णय अनुमोदन भए पश्चात दफा (३) बमोजिम गठित समितिले सम्बन्धित संघ संस्थालाई हस्तान्तरण गर्नुपर्नेछ ।

२. एम्बुलेन्स हस्तान्तरण भए पश्चात दफा (३) बमोजिम गठित समितिको कामकाज हस्तान्तरण गरिएको संस्थाको व्यवस्थापन/कार्यसमितिले गर्नेछ ।

२. उपदफा (१) बमोजिम एम्बुलेन्स कुनै संघसंस्थालाई हस्तान्तरण गर्ने निर्णय भएमा सो संस्थासँग नगरपालिकाले आवश्यक सम्झौता गरी हस्तान्तरण गर्नेछ ।

**६. सेवा शुल्क सम्बन्धी व्यवस्था :**

१. एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले राजदेवी नगरपालिकाको आर्थिक ऐनले तोके अनुसारको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ ।

२. एम्बुलेन्स सेवा वापत उठेका रकम दफा ३ को उपदफा (१)_बमोजिम सञ्चालन हुने भएमा

नगरपालिकाले र दफा ५ बमोजिम सञ्चालन हुने भएमा जुन संस्थालाई हस्तान्तरण गरिएको हो सोही संस्थाले नगरपालिकाको आन्तरिक राजश्व खातामा वा एक अलग बैंक खाता/कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

३. सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

४. सो कोषको सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ । कोषको रकम सामान्यतया चालकको तलब, भत्ता, ईन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ ।

५. एम्बुलेन्स चालकले सेवा शुल्क वापतको रकममा अपचलन गरेको वा आफू खुशी आर्थिक ऐनले तोकोको भन्दा फरक दर लिएको प्रमाणित भएमा दफा ३ बमोजीम गठित समितिले निर्णय सोही बमोजीमको रकमको दोब्बर जरिवाना गराई नीजको करार सम्झौता रद्द गरिनेछ ।

६. उपदफा (५) बमोजीमको कारवाही अगाडी बढाउनु पूर्व सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

**७. चालकको नियुक्ति र सेवा सुविधाः**

१. एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले एक जना योग्यता पुगेको चालक करार सेवामा नियुक्ति गर्नेछ ।

२. चालकको पारिश्रमिक नेपाल सरकारले तोकेको प्रचलित तलव स्केल बमोजिम र थप सुविधा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

३. चालकको रु ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाको प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट व्यहोरिनेछ ।

४. चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची २ बमोजिम हुनेछ ।

**८. एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभार :**

१. दफा ३ को उपदफा (१) बमोजिम सञ्चालन हुने एम्बुलेन्सको हकमा राजदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र दफा ५ को उपदफा (१) बमोजिम सञ्चालन हुने एम्बुलेन्सको हकमा सम्बन्धित संस्थाको हातामा रहनेछ ।

२. एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रु. ५,०००/- (अक्षरेपी रुपैयाँ पाँच हजार मात्र) सम्मको ईस्टीमेट अनुसारको मर्मत सोझै कार्यालय प्रमुख मार्फत हुनेछ र सो भन्दा बढीको मर्मत गर्नुपर्ने भएमा दफा ३ को उपदफा (१) बमोजीम गठीत समितिको सिफारिसमा हुनेछ ।

३. एम्बुलेन्स सन्चालन गर्दा लगबुक अधावधीक गरी राख्नु पर्नेछ । ईन्धन खर्च, सामान्य तथा आकस्मिक मर्मत सम्भार खर्च तथा आम्दानी चालकले मासिक विवरण अनिवार्य रुपमा समितिमा प्रतिवेदन गर्नुपर्नेछ ।

४. नगरपालिकाले एम्बुलेन्स सञ्चालनका लागि स्वास्थ्य शाखा, अस्पताल वा स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी मध्ये एक जनालाई फोकल पर्सनको रुपमा तोक्नेछ ।

५. एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

**९. विविध :**

१. एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

२. एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बिमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

३. यस निर्देशिकामा नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्नेछ ।

## अनुसुची- १

(निर्देशिकाको दफा ५ संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

- एम्बुलेन्स प्रयोग वापतको शुल्क राजदेवी नगरपालिकाको आर्थिक ऐनले तोके बमोजीम हुनेछ ।
- एम्बुलेन्स प्रयोग वापतको शुल्क रकमको विल अनिवार्य रुपमा भुक्तानी गरी रसिद लिनुहुन अनुरोध छ ।
- एम्बुलेन्स प्रयोग गर्दा लाग्ने शुल्क नगरपालिकाको कार्यालयलाई केन्द्र विन्दु मानी निर्धारण गरिनेछ ।
- राजदेवी नगरपालिकाका सेवाग्राहीले राजदेवी नगरपालिका क्षेत्र भित्र र प्रादेशिक अस्पताल, गौर सम्म स्वास्थ्य संस्थामा सुत्केरी (डेलिभरी) सेवा लिनका लागि नगरपालिकाबाट निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिने छ ।

## अनुसुची- २

(निर्देशिकाको दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. राजदेवी नगरपालिकाले जारी गरेको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९ को पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारीता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफूमा भएका पेशागत दक्षता अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बीच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएको कुनै सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस विषयमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुऱ्याउनु पर्ने,

११. आफुले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो नगरेमा नेपाल सरकारको ऐन, नियमानुसार सजायको भागेदार चालक स्वयं हुनेछ ।

म.....................................................ठेगाना.......................................................
ना.प्र.प.नं...................... जारी मिति ......................... जिल्ला..................................,
ड्राइभिङ लाइसेन्स नं. .........................जारी मिति ............................................. ले माथिको उल्लेखित आचारसंहिता अध्ययन गरेको छु रौतहट जिल्ला राजदेवी नगरपालिका, राजदेवी को एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमती जनाई सही छाप गरेको छु ।

| **चालकको:** | **रोहवरमा प्रमाणित गर्ने व्यक्तिको:** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| मितिः | पदः |
| | मिति |
| | कार्यालयको छाप |

## अनुसुची- ३

**(निर्देशिकाको दफा ९ को उपदफा (१) संग सम्बन्धित)**

"ख" वर्गको (Basic Life Support (BLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- All Emergency Equipments
  - Stethoscope
  - B.P. Apparatus
  - Torchlight
  - Tongue Depressor
- IV drips
- ECG monitor with oxygen monitor
- Intubation set
- Various intubation tubes and laryngeal tubes
- Ambu bag
- Nebulizer set
- Manual suction set
- Cervical collars
- CPR board
- Oxygen supply
- OB kit
- Splints
- Catheterizations sets

Other:

- Washing equipments
- Wheel chair and trolley
- Radio communication
- Tablet with 4G connectivity

Staffs:

- Ambulance driver with first aid trainings
- EMT

**आज्ञाले,**

**प्रलव कायस्थ**

**प्रमुख प्रशासकीय अधिकृत**